आज मिति २०८१।०६।०८ गते बिहान ७:३० बजे बुद्धभूमि नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमि नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्य ज्यूहरु र कर्मचारीहरुको उपस्थिति देहाय बमोजिम रहेयो ।

## उपस्थिति

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | नगर प्रमुख | बुद्धभूमि न.पा. १ | |
| २ | श्री मिरा थारु | उप प्रमुख | बुद्धभूमि न.पा. २ | |
| ३ | श्री तेज बहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमि न.पा. १ | |
| ४ | श्री सुरज प्रताप राणा | वडा अध्यक्ष | बुद्धभूमि न.पा. २ | |
| ५ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ३ | |
| ६ | श्री सुसिल कुमार चौधरी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ४ | |
| ७ | श्री प्रेम बहादुर थापा क्षेत्री | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ५ | |
| ८ | श्री ऐलेन्द्र प्रसाद कुर्मी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ६ | |
| ९ | श्री शालिकराम यादव | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ७ | |
| १० | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ८ | |
| ११ | श्री प्रमोद आचार्य | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ९ | |
| १२ | श्री सन्दीप कुमार पान्डेय | वडा अध्यक्ष | बुद्धभूमि न.पा. १० | |
| १३ | श्री कमला चौधरी | का. सदस्य | बुद्धभूमि न.पा. १ | |
| १४ | श्री शिवाली थारु | का. सदस्य | बुद्धभूमि न.पा. २ | शिवाली |
| १५ | श्री अनिता कुमारी पासी | का. सदस्य | बुद्धभूमि न.पा. ६ | अनिता |
| १६ | श्री विमला देवी कुर्मी | का. सदस्य | बुद्धभूमि न.पा. ८ | बिमला |
| १७ | श्री अनिता देवी यादव | का. सदस्य | बुद्धभूमि न.पा. ९ | अनिता |
| १८ | श्री प्रभावती लोहार | का. सदस्य | बुद्धभूमि न.पा. ७ | |
| १९ | श्री तारादेवी सुनार | का. सदस्य | बुद्धभूमि न.पा. ४ | |
| २० | श्री कमलेश बरई | का. सदस्य | बुद्धभूमि न.पा. १० | |
| २१ | श्री चुरामणी पन्थी | सदस्य-सचिव | बुद्धभूमि न.पा. | |

बुद्धभूमि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृष्णनगर बुढी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

बैठक नं. ०३/२०८१।०८२

**मिति :२०८१।०६।०८ गते बिहान ७:३० बजे बुद्धभूमि नगर कार्यपालिका बैठकको निर्णयहरू:**

१. **अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।**

**निर्णय:** मिति २०८१।०५।११ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो। साथै कार्यान्वयनको क्रममा रहेका निर्णयहरू तदारूकताका साथ कार्यान्वयन गर्ने गराउने निर्णय गरियो।

२. **नगर युवा परिषद् कार्यविधि सम्बन्धमा।**

**निर्णय :** बुद्धभूमि नगरपालिकाको नगर युवा परिषद् कार्यविधि, २०८१ स्वीकृत गर्ने निर्णय गरियो।

३. **वडा कार्यालयको भवन निर्माण सम्बन्धमा।**

**निर्णय :** बुद्धभूमि नगरपालिकाको वडा नं. ३, ८ र ९ मा वडा कार्यालय भवन निर्माण गर्नु पर्ने भएकोले बुद्धभूमि नगरपालिका वडा नं. ३ गाउँ पञ्चायत दुवियाको कित्ता नं. ६७८ क्षेत्रफल ०-१-२-० को जग्गामा भवन तथा बस्ती विकास शाखाबाट तयार भएको नक्सा नअटेकोले पुनः अर्को नक्सा तयार गरी सो बापत लाग्ने खर्च वडा कार्यालय वडा नं. ३ को भवन निर्माण शिर्षकबाट भुक्तानी दिने र सोही अनुरूप लागत अनुमान तयार गरी आवश्यक प्रक्रिया अगाडि बढाउने, वडा नं. ८ हरिहरपुर- २ कित्ता नं. ६७८ क्षेत्रफल ०-३-१०-० को ऐलानी जग्गा रहेको र उक्त जग्गामा भवन तथा बस्ती विकास शाखाबाट नक्सा समेत तयार भई रू. १ करोड २६ लाख २० हजारको लागत अनुमान समेत तयार भएको, वडा नं. ९ को कित्ता नं. ५२ क्षेत्रफल ०-०-८-० र कित्ता नं. ५३ क्षेत्रफल ०-१०-०-० रहेको साथै सँगै रहेको कित्ता नं. २६४ मा ऐलानी जग्गा रहेको र उक्त जग्गामा भवन तथा बस्ती विकास शाखाबाट नक्सा समेत तयार भई रू. १ करोड २७ लाख ७० हजारको लागत अनुमान तयार भएकोले र सोही स्थानमा रहेको जीर्ण भवन भत्काई सोही स्थानमा नयाँ भवन निर्माण गर्न तत्काल विद्युतीय बोलपत्रको माध्यमबाट खरिद प्रक्रिया अगाडी बढाउने साथै नगरसभाबाट विनियोजित रकम तथा प्राविधिक लागत अनुमान बमोजिमको रकममा देखिएको अपुग रकम आगामी नगरसभाबाट अनुमोदन हुने गरी आन्तरिक स्रोतबाट सुनिश्चितता गरी कार्य सम्पन्न गर्ने निर्णय गरियो।

४. **कार्यविधि संशोधन /स्वीकृत सम्बन्धमा।**

**निर्णय :** बुद्धभूमि नगरपालिकाकाको रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०८१ को मस्यौदा तयार भई पेश भएकोमा उक्त कार्यविधि स्वीकृत गर्ने साथै बुद्धभूमि नगरपालिकाको प्रत्येक वडाहरूले सम्बन्धित सरोकारवालाहरूको संलग्नतामा छलफल गरी

पन्थी
प्रमुख प्रशासकीय अधिकृत

**केशव कुमार श्रेष्ठ**
**नगर प्रमुख**

वडाको स्टेशन, रूट तथा भाडादर कायम गरी नगरपालिकामा विवरण पेश गर्न लगाउने र आवश्यक छलफल गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

५. **विविध ।**

**क) साना कृषि मेशिनरी उपकरण अनुदान कार्यक्रम कार्यविधि, २०७७ संशोधन सम्बन्धमा ।**

साना कृषि मेशिनरी उपकरण अनुदान कार्यक्रम कार्यविधि, २०७७ को बुदा नं. ४.३ मा छनौटको मापदण्डमा व्यवसायिक कृषक कम्तिमा ७ कठ्ठा व्यवसायिक खेती गरेको भन्ने स्थानमा ३ कठ्ठा व्यवसायिक खेती गरेको थप गरी कार्यविधि संशोधन गर्ने निर्णय गरियो ।

**ख) साना सिचाई (मोटर तथा पम्पसेट) मा ७० प्रतिशत अनुदानमा वितरण कार्यक्रम कार्यविधि, २०७७, संशोधन सम्बन्धमा ।**

साना सिचाई (मोटर तथा पम्पसेट) मा ७० प्रतिशत अनुदानमा वितरण कार्यक्रम कार्यविधि, २०७७ को बुँदा नं. ५ मा छनौटका मापदण्डमा व्यवसायिक कृषक कम्तिमा ५ कठ्ठा भएकोमा ३ कठ्ठा कायम गरी कार्यविधि संशोधन गर्ने निर्णय गरियो ।

**ग) अनुदानमा म्याचिङ्ग प्लाष्टिक वितरण कार्यक्रम कार्यविधि, २०७७ संशोधन सम्बन्धमा ।**

अनुदानमा म्याचिङ्ग प्लाष्टिक वितरण कार्यक्रम कार्यविधि, २०७७, मा म्याचिङ्ग भन्ने शब्दलाई मल्चिङ् तथा बुँदा नं. ५ मा प्रस्तावित आर्थिक आधारमा सार्वजनिक खरिद प्रकृया बमोजिम खरिद भएको मल्चिङ प्लास्टिकको ७५ प्रतिशत रकम नगरपालिकाले र बाँकी २५ प्रतिशत रकम छनौटमा परेका कृषकले व्यहोनु पर्ने छ भन्ने व्यवस्था रहेकोमा ५० प्रतिशत रकम नगरपालिकाले र बाँकी ५० प्रतिशत रकम छनौटमा परेका कृषकले व्यहोनु पर्नेछ कायम गरी कार्यविधि संशोधन गर्ने निर्णय गरियो ।

**घ) रेबिज विरूद्धको खोप अनुमति सम्बन्धमा ।**

कुकुर तथा जंगली जनावरले टोकेर रेबिज विरूद्धको खोप लगाउनु पर्ने तर यहाँ नगरपालिका नजिकमा खोप लगाउने व्यवस्था नभई यस पालिकाका व्यक्तिहरू पालिका भन्दा बहिर जानुपर्ने अवस्था भएकोले रेबिज विरूद्धको खोप लगाउने अनुमति तथा भ्याक्सिनको व्यवस्था मिलाउन श्री स्वास्थ्य सेवा विभाग इपिडिमियोलोजि महाशाखा टेकुमा अनुरोध गर्ने ।

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

ङ) आ.व. २०८१।०८२ को बेरोजगार व्यक्तिहरूको प्राथमिकीकरण सूची प्रकाशन गर्ने सम्बन्धमा।

प्रधानमन्त्री रोजगार कार्यक्रम बेरोजगार सूची निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन, २०७६ को दफा १० अनुसार बेरोजगार व्यक्तिहरूको प्राथमिकताक्रम निर्धारण गरी आ.व. २०८१/०८२ को लागि प्रत्येक वडा अनुसारको बेरोजगार व्यक्तिको प्राथमिकीकरण सहितको सूची प्रकाशन गर्ने निर्णय गरियो।

च) सनसाइन सामाजिक विकास संस्थाको पत्र सम्बन्धमा।

श्री सनसाइन सामाजिक विकास संस्थाको च.नं. ०३३/०८१।०८२ मिति २०८१।०५।१९ गतेको पत्रानुसार उक्त संस्थाले २०८१।५।२८ गते वृहत्त रक्तदान कार्यक्रम सञ्चालन गरेकोले उक्त कार्यक्रमको लागि सहयोग स्वरूप रू. २५,०००।– (पच्चीस हजार मात्र) सामाजिक विकास तर्फको युवा लक्षित कार्यक्रमको सि.नं. ३ मा विनियोजित रू. २,००,०००।– (दुई लाख मात्र) रक्तदान कार्यक्रम स्रोत सामग्री व्यवस्थापन (कार्यविधि अनुरूप प्रमुखको सहमति) शिर्षकबाट दिने निर्णय गरियो।

छ) ६ नं. वडा कार्यालयको पत्र सम्बन्धमा।

बुद्धभूमि नगरपालिका ६ नं. वडा कार्यालयको च.नं. ८९२ मिति २०८१।३।०६ को पत्रानुसार बुद्धभूमि नगरपालिका ६ नं. वडा कोहडौलिया निवासी रोशन अलिको गोठमा मिति २०८१।२।३१ गतेको दिन आगलागि भई सम्पूर्ण सामानहरु जलेर नष्ट भएको हुँदा सर्जमिन मुचुल्का सहित आर्थिक सहयोगको लागि सिफारिस भई आएको हुँदा विपद् प्रकोप व्यवस्थापन कोष शिर्षकबाट रु. ५,०००। (अक्षरुपि पाँच हजार रुपैयाँ मात्र।) आर्थिक सहयोग गर्ने निर्णय गरियो।

ज) ५ नं. वडा कार्यालयको पत्र सम्बन्धमा।

बुद्धभूमि नगरपालिका ५ नं. वडा कार्यालयको च.नं. १२५४ मिति २०८१।३।१२ को पत्रानुसार बुद्धभूमि नगरपालिका ५ नं. वडा प्रेमनगर निवासी राम अवध केवटको घरमा मिति २०८१।३।०७ गतेको दिन अविरल वर्ष सँगै आएको हावाहुरीको कारणले घर ध्वस्त भएको भनी सर्जमिन मुचुल्का सहित आर्थिक सहयोगको लागि सिफारिस भई आएको हुँदा विपद् प्रकोप व्यवस्थापन कोष शिर्षकबाट रु. ५,०००। (अक्षरुपि पाँच हजार रुपैयाँ मात्र।) आर्थिक सहयोग गर्ने निर्णय गरियो।

झ) ५ नं. वडा कार्यालयको पत्र सम्बन्धमा।

बुद्धभूमि नगरपालिका ५ नं. वडा कार्यालयको च.नं. ३२ मिति २०८१।४।१५ को पत्रानुसार बुद्धभूमि नगरपालिका ५ नं. वडा पक्रेहटा निवासी भानु प्रसाद यादवको गोठमा मिति २०८१।४।१२ गतेको दिन आगलागि भई सम्पूर्ण सामानहरु जलेर नष्ट भएको हुँदा सर्जमिन मुचुल्का सहित आर्थिक सहयोगको लागि सिफारिस भई आएको हुँदा विपद् प्रकोप व्यवस्थापन कोष शिर्षकबाट रु. ५,०००। (अक्षरुपि पाँच हजार रुपैयाँ मात्र।) आर्थिक सहयोग गर्ने निर्णय गरियो।

पुरामणी पन्थी
प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

ञ) **स्वास्थ्य तर्फ जनशक्ति पदपूर्ति सम्बन्धमा ।**

बुद्धभूमि नगरपालिका अन्तर्गतका विभिन्न स्वास्थ्य संस्थाहरूमा स्वास्थ्यकर्मीहरूको अभाव भई दैनिक स्वास्थ्य सेवा प्रवाहमा समस्या भएकोले स्वीकृति दरबन्दीको परिधि भित्र रही स्थायी जनशक्ति पदपूर्ति नहुँदा सम्म हाललाई तपसिल बमोजिमको जनशक्ति खुल्ला प्रतिस्पर्धा गराई करार सेवा मार्फत पदपूर्ति गर्ने निर्णय गरियो । साथै पदपूर्ति हुने जनशक्तिको सेवा सुविधाको सम्बन्धमा यस अघि सोही पद र सेवा समूहमा करार सेवामा कार्यरत जनशक्तिले पाउने सेवा सुविधा अनुरूप हुने गरी निर्धारण गर्ने निर्णय गरियो ।

तपसिलः

१) हे.ई. समूह ४ तह -४ जना

२) क.न. / प.हे.न. ४ तह -४ जना

ट) **दमकल खरिद सम्बन्धमा ।**

बुद्धभूमि नगरपालिकाको आ.व. २०८१।०८२ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार वारूणयन्त्र खरिदको लागि पन्ध्रौं नगरसभाबाट विपद् व्यवस्थापन अन्तर्गत दमकल खरिद शीर्षकमा रू. १ करोड बजेट विनियोजन भएकोमा श्री कोरिया नेपाल बहुप्राविधिक शिक्षालयबाट मिति २०८१।०६।०६ गते प्राप्त स्पेसिफिकेशन र लागत अनुमान बमोजिम रू. ८०,००,०००। (असी लाख ) को लागत अनुमान स्वीकृत गरी विद्युतीय बोलपत्र मार्फत खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

गुरुमणी पन्थी
प्रमुख प्रशासकीय अधिकृत

२०८१।०६।१८
केशव कुमार श्रेष्ठ
नगर प्रमुख